# बैठक संख्याः १३(तेह्रौं)

मितिः २०८१।१०।२७ आइतबार समयः दिनको १:०० बजे स्थानः सि.न.पा.को सभा हल

सिद्धार्थनगर नगरपालिकाका प्रमुख श्रीमान् इश्तियाक अहमद खाँज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री इश्तियाक अहमद खाँ | नगर प्रमुख | |
| २ | श्री उमा अधिकारी | नगर उपप्रमुख | |
| ३ | श्री उज्जवल पोखरेल (वडा अध्यक्ष - वडा नं. १) | कार्यपालिका सदस्य | |
| ४ | श्री छेदीलाल श्रीवास्तव (वडा अध्यक्ष - वडा नं. २) | कार्यपालिका सदस्य | |
| ५ | श्री नारायण प्रसाद उपाध्याय (वडा अध्यक्ष - वडा नं. ३) | कार्यपालिका सदस्य | |
| ६ | श्री मुक्तिनाथ यादव (वडा अध्यक्ष - वडा नं. ४) | कार्यपालिका सदस्य | |
| ७ | श्री पुरन प्रसाद श्रेष्ठ (वडा अध्यक्ष - वडा नं. ५) | कार्यपालिका सदस्य | |
| ८ | श्री विरेन्द्रनाथ श्रीवास्तव (वडा अध्यक्ष - वडा नं. ६) | कार्यपालिका सदस्य | |
| ९ | श्री दामोदर शर्मा घिमिरे (वडा अध्यक्ष - वडा नं. ७) | कार्यपालिका सदस्य | |
| १० | श्री राजन जंग राणा (वडा अध्यक्ष - वडा नं. ८) | कार्यपालिका सदस्य | |
| ११ | श्री शेषकान्त भण्डारी (वडा अध्यक्ष - वडा नं. ९) | कार्यपालिका सदस्य | |
| १२ | श्री सुर्जमन अहिर यादव (वडा अध्यक्ष - वडा नं. १०) | कार्यपालिका सदस्य | |
| १३ | श्री दिलीप कुमार यादव (वडा अध्यक्ष - वडा नं. ११) | कार्यपालिका सदस्य | |
| १४ | श्री कुमार गुरुङ्ग (वडा अध्यक्ष - वडा नं. १२) | कार्यपालिका सदस्य | |
| १५ | श्री सोम बहादुर गुरुङ्ग (वडा अध्यक्ष - वडा नं. १३) | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १६ | श्री द्रुपदा पनेरु | कार्यपालिका सदस्य | |
| १७ | श्री बीना माया ज्ञवाली | कार्यपालिका सदस्य | |
| १८ | श्री रुपा कुमारी सुनार बराईली | कार्यपालिका सदस्य | |
| १९ | श्री सविता हरिजन | कार्यपालिका सदस्य | |
| २० | श्री गयीतिरा चमार | कार्यपालिका सदस्य | |
| २१ | श्री सुभावती चमार | कार्यपालिका सदस्य | |
| २२ | श्री केदार प्रसाद बरै | कार्यपालिका सदस्य | |
| २३ | श्री शिव नारायण कोइरी | कार्यपालिका सदस्य | |
| २४ | श्री जनक थापा | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| २५ | श्री देव प्रसाद ज्ञवाली | वरिष्ठ अधिकृत, साँतौ (प्रशासनीक काम गर्ने) | |
| २६ | श्री ओमेश कुमार गैरे | लेखा अधिकृत(सातौं) | आमन्त्रित |

<u>*प्रस्तावहरु :*</u>

१. प्रगति प्रतिवेदन सम्वन्धमा ।

२. प्राविधिक कर्मचारी व्यवस्थापन गर्न वनेको बिधेयक सम्वन्धमा ।

३. रकमान्तर सम्वन्धमा ।

४. विविध ।

बैठक सख्याः १३(तेह्रौं)

मिति २०८१/१०/२७ को नगर कार्यपालिकाको बैठकका निर्णयहरुः-

निर्णय नं.- १(एक)

सिद्धार्थनगर नगरपालिकाको आर्थिक बर्ष २०८१/८२ अन्तर्गत साउन देखि पौष मसान्त सम्मको अर्धवार्षिक प्रगति प्रतिवेदन नगरकार्यपालिकामा पेश भयो सो प्रतिवेदन नगरसभाको १७औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.- २ (दुई)

सिद्धार्थनगर नगरपालिकाको विधेयक समितिका संयोजक श्री नारायण प्रसाद उपाध्याय मार्फत पेश भएको सिद्धार्थनगर नगरपालिकामा प्राविधिक कर्मचारी करारमा व्यवस्थापन गर्न बनेको विधेयक, २०८१ यस नगर कार्यपालिका बैठकबाट अनुमोदन गरी पारितका लागि नगरसभाको १७ औं अधिवेशनमा पेश गर्न विधेयक समितिका संयोजक श्री नारायण प्रसाद उपाध्यायलाइ निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.- ३(तिन)

सिद्धार्थनगर नगरपालिकाको चालु आर्थिक बर्ष २०८१/८२ का लागि पारित भएको कार्यक्रमहरु मध्ये देहाय बमोजिका कार्यक्रमहरु संशोधन गरी बजेट रकमान्तर गर्ने निर्णय गरियो

देहाय :

सत्रौ नगरसभावाट हुने रकमान्तर

| सिनं | कार्यक्रम | सुरु बजेट | रकमान्तर घट | रकमान्तर थप | कायम हुने बजेट |
|---|---|---|---|---|---|
| 1 | मेयर आवास कार्यक्रम | 6300000 | 6300000 | | 0 |
| 2 | वार्ड 10 को सुर्यदेव मावि हल निर्माण | 0 | | 10000000 | 10000000 |
| 3 | प्रशासनिक भवन निर्माण थप | 30000000 | | 10000000 | 45000000 |
| 4 | वार्ड 12 भवन निर्माण | 4300000 | 4300000 | | 0 |
| 5 | वार्ड 6मा इद्रिस पथमा परवानाको घर सम्म को बाटो निमाण को नाम परिवर्तन गरि इश्लाम पथ बनाउने | 1000000 | | | 1000000 |
| 6 | वार्ड 12 स्थित कालिका स्थान गाउभित्र सार्वजनिक शौचालय निर्माण | 500000 | 500000 | 0 | 0 |
| 7 | शिव पथ सडक निर्माण तथा स्तारुन्नती कार्य, वडा न. १२ | 800000 | | 1000000 | 1800000 |
| 8 | वार्ड 6 स्थित रहमानिया मस्जिद मदरसा पुर्वाधार निर्माण स्तरोन्नति को रकम मर्ज गरिअधुरो रहमानिया मुसोफिर खाना पुर्वाधार निर्माण मा थप गर्न | 850000 | | 850000 | 1700000 |
| 9 | गहको विउ वार्ड 4 | 500000 | 500000 | | 0 |
| 10 | सिचाइ को लागि बोर जडान वार्ड 4 | 500000 | 500000 | | 0 |
| 11 | सुत्केरि पोषण-4 | 200000 | 200000 | | 0 |
| 12 | एक घर एक रुख-4 | 100000 | 100000 | | 0 |
| 13 | जिंक सल्फर लगायतका मल-4 | 150000 | 150000 | | 0 |
| 14 | खानेपानी पाइप लाइन विस्तार-4 | 200000 | 200000 | | 0 |
| 15 | नयाँ विद्युतको केबल तार जडान -4 | 300000 | 200000 | | 100000 |
| 16 | सँघ सँस्थालाइ भौतिक सामग्रि सहयोग गर्ने -4 | | | 450000 | 450000 |
| 17 | स्टक टोल शिव मन्दिरमा झ्याल ढोका तथा टायल लगाउन-4 | | | 200000 | 200000 |
| 18 | दोगहरा धर्मशालामा रंग रोगन तथा विजुलि वायरिंग-4 | | | 300000 | 300000 |
| 19 | नाला निर्माण -4 | | | 100000 | 100000 |
| 20 | वडा कार्यालयलाइ आवश्यक साउण्ड सिस्टम -4 | | | 100000 | 100000 |
| 21 | वडा कार्यालयलाइ डिजिटल क्यामेरा खरिद-4 | | | 100000 | 100000 |
| 22 | कवरिस्तथान स्थलमा मर्मत सम्भार -4 | | | 100000 | 100000 |
| 23 | नुरि मस्जिद -4 | | | 300000 | 300000 |
| 24 | सामाजिक विकास तर्फ -4 | | | 200000 | 200000 |
| 25 | सामाजिक समावेशिकरण वार्ड 5 | 50000 | 50000 | | |
| 26 | जेष्ठ नागरिक अपांग एबम् अन्यका लागि तिर्थयात्रा-5 | | | 100000 | 100000 |
| 27 | सुशासन तर्फ -5 | 50000 | 50000 | | |
| 28 | फ्रि वाइफाइ जोन -5 | 200000 | 150000 | | 50000 |
| 29 | छठ पोखरि निर्माण -5 | | | 150000 | 150000 |
| 30 | सिन्दुरिकरणका लागि विद्युतिकरण -5 | 300000 | 250000 | | 50000 |
| 31 | सुन्दरिकरण -5 | | | 250000 | 250000 |
| 32 | आनन्द मण्डलि लाइ इन्टरलक विच्छ्याउने कार्य -वार्ड 12 | 500000 | 500000 | | 0 |

विविध निर्णय नं. -४ (चार)

१. सिद्धार्थनगर नगरपालिकाको नगर शिक्षा समितिमा नगर उपप्रमुखलाई उपाध्यक्ष पदमा समावेश गर्न विद्यमान शिक्षा ऐन, २०७४ लाई प्रथम संशोधन गर्ने प्रयोजनार्थ विधेयकको रुपमा आगामी नगरसभामा पेश गर्न विधेयक समितिलाई निर्देशन दिने निर्णय गरियो ।

२. सिद्धार्थनगर नगरपालिका भित्रका सार्वजनिक जग्गालाइ संरक्षण गर्ने प्रयोजनका लागि अमिनहरु परिचालन गरी नाँपजाँचको कार्यक्रम अगाडी बढाउने निर्णय गरियो ।

३. मिति २०८१ साल फागुन १५ गते बिहिबार ४३औं मगर एकता दिवसको अवसरमा यस सिद्धार्थनगर नगरपालिका भित्र बसोबास गर्नुहुने सम्पूर्ण आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै उक्त मगर एकता दिवसको अवसरमा सिद्धार्थनगर नगर कार्यपालिकाको कार्यालय, मातहतका सम्पूर्ण वडा कार्यालयहरु, आधारभुत/शहरी स्वास्थ्य केन्द्र तथा सामुदायिक एवं संस्थागत विद्यालयहरुमा मिति २०८१/११/१५ गते १(एक) दिन स्थानीय विदा दिने निर्णय गरियो।

४. नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरवार काठमाडौंको मिति २०८१/१०/१६ मा प्रकाशित सूचना बमोजिम संङघीय समपुरक अनुदान, संङघीय विशेष अनुदान अन्तर्गत आर्थिक बर्ष २०८२/८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रकाशित सूचना बमोजिम समपुरक अनुदान सम्बन्धी कार्यबिधि,२०८१ र विशेष अनुदान सम्वन्धि कार्यविधि,२०८१ मा व्यवस्था भए बमोजिम सिद्धार्थनगर नगरपालिकाबाट देहाय बमोजिमका योजनाहरु राष्ट्रिय योजना आयोग, सिंहदरवार काठमाडौं समक्ष माग गर्ने निर्णय गरियो ।

क. विशेष अनुदान तर्फः

| सि. नं. | आयोजनाको नाम | माग गरिएको रकम रु. | अवधि (बर्ष) | कैफियत |
|---|---|---|---|---|
| १. | शैक्षिक विकासको लागी भौतिक पूर्वाधार निर्माण कार्य गरी सेवाको गुणस्तर अभिवृद्धि कार्य । | २,९९,९९,८०६.०० | २(दुई) | |

ख. समपुरक अनुदान तर्फः

| सि. नं. | आयोजनाको नाम | माग गरिएको रकम रु. | नगरपालिकाले व्यहोर्ने रकम | अवधि (बर्ष) | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रशासनीक भवन निर्माण कार्य, वडा नं. ५ | २,००,००,०००.०० | १,४०,००,०००.०० | १(एक) | |
| २. | सामुदायिक कृषि हाटवजार (B Block) अधुरो भवन निर्माण | २,२७,००,०००.०० | १,५८,९०,०००.०० | १(एक) | |

५. सिद्धार्थनगर नगरपालिका नगर कार्यपालिकाका सदस्य सुभावती चमार र अर्का नगरकार्यपालिकाका सदस्य बीनामाया ज्ञवालीका पतिको स्वर्गारोहण भएको र वहाँहरु दुवै जनाको घरको आर्थिक अवस्था अत्यन्त कमजोर भएको हुँदा निजहरुलाइ कृया खर्च वापत जनही रु. ५०,०००.०० (अक्षेरुपी पचास हजार) का दरले आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

६. सिद्धार्थनगरमा सञ्चालित योजनाहरुको अनुगमन तथा निरीक्षणलाइ प्रभावकारी रुपमा गर्न उपप्रमुखको नेतृत्वमा सम्बन्धित वडाका वार्ड अध्यक्षलाई समेत अनिवार्य आमन्त्रण गरी अनुगमनको व्यवस्था मिलाउन पूर्वाधार तथा वातावरण व्यवस्थापन महाशाखालाइ निर्देशन दिने निर्णय गरियो ।

७. सिद्धार्थनगर नगरपालिका वडा नं. १२ स्थित स्वर्गद्धारी घाटमा रातिको समयमा उज्यालो कमी भएको हुँदा सो स्थानमा आवश्यकता अनुसार विघुतपोल सहितको विद्युतिकरणका लागी नेपाल विघुत प्राधिकरण भैरहवा शाखालाइ अनुरोध गर्ने र स्वर्गद्धघारी घाटमा अत्यधिक फोहोरमैला भएकोले नगरपालिकाबाट सरसफाइको व्यवस्था मिलाउने निर्णय गरियो ।